# आफ्नो बच्चालाई कोभिड-19 लाग्नबाट जोगाउनुहोस्

## ट्रान्स्क्रिप्ट

[[उत्साहजनक सङ्गीत]

[वर्णन]

अब 6 महिना र सोभन्दा बढी उमेरका बालबालिकाका लागि COVID-19 विरुद्धको खोप उपलब्ध छ ।

रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरूले 6 महिना र सोभन्दा बढी उमेरका सबै बालबालिकालाई खोप लगाउन सिफारिस गरेको छ ।

कोभिड-19 विरुद्धको खोप बालबालिकाका लागि सुरक्षित, निःशुल्क र प्रभावकारी छ । बालबालिका र किशोरकिशोरीहरूका लागि सिफारिस गर्नु अघि खोपहरूको अध्ययन गरिएको थियो र सुरक्षित पाइएको थियो ।

वयस्कहरूलाई जस्तै, बालबालिका र सबै उमेरका किशोरकिशोरीहरू कोभिड-19 बाट गम्भीर बिरामी हुन सक्छन्, उनीहरूमा अल्पकालीन तथा दीर्घकालीन दुवै खाले स्वास्थ्य समस्याहरू आउन सक्छन् र उनीहरूले अरूहरूलाई कोभिड-19 फैलाउन सक्छन् ।

बालबालिका वा किशोरकिशोरीहरूलाई कोभिड-19 ले कस्तो असर पार्नेछ भनेर पहिल्यै भन्न सकिने कुनै उपाय छैन । अन्तर्निहित चिकित्सा समस्या भएका वा कमजोर प्रतिरक्षा प्रणाली भएकाहरूलाई कोभिड-19 बाट एकदमै बिरामी हुने सम्भावना बढी हुन्छ । तर स्वस्थ बालबालिका पनि धेरै बिरामी भएको पाइएको छ । त्यसैले खोप लगाउनु धेरै महत्त्वपूर्ण हुन्छ ।

पहिले नै कोभिड-19 लागिसकेका बालबालिकाले पनि खोप लगाउनुपर्छ किनभने यसले थप सुरक्षा दिन्छ । कोभिड-19 एक पटक भन्दा बढी लाग्न सम्भव छ र कसैलाई पहिले हल्कामात्र बिरामी भएका थिए भनेर फेरि त्यस्तै हल्का बिरामी हुने छन् भन्ने केही छैन ।

कोभिड-19 विरुद्धको खोपले कोभिड-19 रोग निम्त्याउँदैन । पाखुरा दुख्ने वा हल्का ज्वरो आउने जस्ता केही साइड इफेक्टहरू खोप लगाएपछि सामान्य हुन् र एक वा दुई दिन पछि हराउँछन् ।

कोभिड-19 विरुद्धको खोप लगाउनाले परिवार र समुदायहरूलाई कोभिड-19 बाट जोगाउन मद्दत गर्दछ ।

तपाईंको बच्चालाई सर्वोत्तम सुरक्षा प्रदान गर्नका लागि सिफारिस गरिए अनुसार कोभिड-19 विरुद्धको खोपका सबै डोज लगाउनुपर्छ - यसमा बुस्टर डोज पनि पर्न सक्छन् ।

साना बालबालिकाका लागि खोपहरू ठूलो उमेरका बालबालिका र वयस्कहरूका लागि लगाइने खोपहरू भन्दा सानो डोजका हुन्छन् । खोपको डोजको आकार बच्चाको उमेरमा आधारित हुन्छ, उनीहरूको आकार वा तौल अनुसार हुँदैन ।

तपाईंको बच्चाको स्वास्थ्य सेवा प्रदायक छ भने, उनीहरूले थप जानकारी प्रदान गर्न सक्छन् र पहिलो डोज लगाउँदा तपाईंलाई सबै सिफारिस गरिएका डोजहरूको समयतालिका मिलाउनमा मद्दत गर्न सक्छन् । बालबालिकालाई एकै पटकमा कोभिड-19 विरुद्धको खोप र उनीहरूलाई आवश्यक पर्ने अन्य खोपहरू लगाउन सकिन्छ ।

तपाईंको बच्चाका लागि कुनै स्वास्थ्य सेवा प्रदायक छैनन् भने, तपाईं थप जानकारी र आफ्नो नजिकै खोप लगाउने स्थानहरू भेट्टाउन mn.gov/vaxforkids मा जान सक्नुहुन्छ । मिनेसोटा स्वास्थ्य विभागको कोभिड-19 हटलाइनमा फोन गरेर पनि प्रश्नहरूको जवाफ पाउन सकिन्छ र तपाईंसँग धेरै भाषाहरूमा कुरा गर्न सक्ने मानिसहरू उपलब्ध छन् । 1-833-431-2053 डायल गरी हटलाइनमा कल गर्नुहोस् ।

विभिन्न भाषाहरूमा सस्तो स्वास्थ्य सेवा वा स्वास्थ्य बीमा खोज्न संसाधनहरूका लागि मिनेसोटा स्वास्थ्य विभागको वेबसाइट Resources to Find Low-Cost Health Care or Get Health Insurance (www.health.state.mn.us/diseases/coronavirus/materials/lowcost.html) मा जानुहोस् ।

[[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975, St. Paul, MN 55164-0975
health.communications@state.mn.us

10/19/2022 (Nepali)

*यो जानकारी फरक ढाँचामा प्राप्त गर्न, कल गर्नुहोस्: 651-201-4989*